वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ३८ २०८३ जेठ १३ गते बुधबार, नेपाल सम्वत् ११४६ May 27, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-









## ऐतिहासिक धरोहर

तनहुँको ऐतिहासिक स्थल तनहुँसुरमा रहेको गद्दी चौतारा। सेनवंशी राजाको समयमा न्याय निसाफ गर्न प्रयोग गर्ने यो चौतारो प्रचारप्रसार र संरक्षणको पर्खाइमा बसेको छ। यो गद्दी चौतारामा बसेर राजाले भाषण गर्ने, निर्णय लिने र त्यसलाई जनताले कार्यान्वयन गर्ने चलन थियो भन्ने इतिहास रहदै आएको छ ।

तस्विर : भञ्ज्याङ

# मुस्ताङका उच्चलेकमा यार्सागुम्बा संकलन

**सुन्दरकुमार थकाली/मुस्ताङ**

जिल्लाका पाँचमध्ये चार स्थानीय तहका उच्चलेंकमा औषधीय गुण भएको बहुमूल्य जटीबुटी यार्सा गुम्बा सङ्कलन सुरू भएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत एक्याप जोमसोम र एक्याप लोमान्थाङको कार्यक्षेत्रमा पर्ने उच्च लेकहरूमा धमाधम यार्सा सङ्कलन भइरहेको छ ।

यहाँका आधा दर्जन बढी उच्चलेक, खर्क र पाटनमा यार्सा गुम्बा सङ्कलन भइरहेको एक्यापले समितिले एक्याप कार्यालयबाट पूर्वलिखित अनुमति लिनुपर्ने प्रावधान रहेको उहाँको भनाइ छ।

मुस्ताङको पाँच स्थानीय तहमध्ये थासाङ, घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र लोघेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रका उच्चलेक, खर्क र पाटनमा यार्सा सङ्कलन कार्य सुरू भइसकेको छ ।

स्रोत संरक्षण सहायक ओलीका अनुसार थासाङ गाउँपालिकाको कुञ्जो, कोवाङ, टुकुचेलगायतका संरक्षण व्यवस्थापन समितिले वैशाख २ गतेदेखि उच्चलेकमा

जोमसोम समितिले यार्सा सङ्कलनका लागि जोमसोम समितिअन्तर्गत ढुम्बा, सम्ले, ठिनी र जोमसोमका रैथाने कुरिया दर्ता भएका स्थानीयलाई चार हजार र स्थानीयको घर खेत अधिया कमाएर बसेका व्यक्तिहरूलाई छ हजार शुल्क लिने गरी यार्सा सङ्कलन गर्न अनुमतिपत्र (पुर्जी) दिने गरेको सचिव गुरूङले बताउनुभयो । जोमसोम समितिअन्तर्गतको लेकमा हालसम्म ६५ जनाले अनुमति लिएका समिति सचिव गुरूङले जानकारी दिनुभयो ।

व्यक्तिले अनुमतिपत्र लिइसकेका छन् । मुक्तिनाथ क्षेत्रको उच्चलेक, खर्क र पाटनमा उच्चलेकमा यार्सा अनुमति लिनेहरु शतप्रतिशत जिल्ला बाहिरका व्यक्तिहरु भएको सचिव गुरूङले बताउनुभयो ।

गत वर्ष यार्सा गुम्बाको मूल्य कम भएकाले यस वर्ष यार्सा सङ्कलनकर्ता कम मात्रामा आएका मुक्तिनाथ समितिले जनाएको छ। गतवर्षको तुलनामा यस वर्ष मुक्तिनाथ लेंकमा यार्सा सङ्कलन गर्नेको सङ्ख्या ५० प्रतिशतले घटेको समिति सचिव गुरूङको भनाइ छ । वारागुङ मुक्तिक्षेत्र–२ को झोङ संरक्षण व्यवस्थापन समितिले पनि एक्यापबाट अनुमति लिएर उच्चलेकमा यार्सा सङ्कलन गर्न फुकुवा गरेको जनाइएको छ ।

यसैगरी उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड–५ ताङ्ग्यास्थित सुर्खाङ संरक्षण क्षेत्र व्यवस्थापन समितिले पनि यार्सा सङ्कलन फुकुवा गरिसकेको एक्याप लोमान्थाङ प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो।



जनाएको छ। समुद्री सतहको चार हजारमाथिको उचाइ क्षेत्रमा वन्य औषधीय जटीबुटी यार्सा पाइन्छ।

बर्सेनि वैशाखदेखि असारमहिना सङ्कलन गरिने यार्सा सङ्कलन गर्न स्थानीय र जिल्ला बाहिरका मानिसले सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएमसी)ले तोकेको शुल्क तिरेर अनुमतिपत्र (पुर्जी) लिई उच्चलेक र पाटनतर्फ प्रस्थान गरेका एक्याप जोमसोमका प्राकृतिक स्रोत संरक्षण सहायक दिपक ओलीले जानकारी दिनुभयो ।

यार्सा सङ्कलन छोडपुर्जी अनुमतिका लागि यहाँका विभिन्न यार्सा सङ्कलन फुकुवा गरेका हुन् ।

यसैगरी यहाँका घरपझोङ गाउँपालिकास्थित संरक्षण व्यवस्थापन समिति जोमसोमले वैशाख २५ गतेदेखि यार्सा सङ्कलन फुकुवा गरेको समितिका सचिव पवन गुरूङले जानकारी दिनुभयो। जोमसोम संरक्षण क्षेत्र व्यवस्थापन समितिको मातहतमा रहेको घरपझोङ–५ छत्रबाङ लेकदेखि नमखुलेक, हुँदै लुप्रा लेकसँग सिमाना जोडिएको कुङ्ले लेकसम्मको क्षेत्रमा यार्सा सङ्कलन फुकुवा गरिएको समिति सचिव गुरूङले उल्लेख गर्नुभयो ।

एक्यापअन्तर्गत वारागुङ मुक्तिक्षेत्र–१ स्थित मुक्तिनाथ संरक्षण क्षेत्र व्यवस्थापन समितिले आइतबारदेखि यार्सा सङ्कलन फुकुवा गरेको जनाएको छ। समिति मातहतको उच्चलेकमा यार्सा सङ्कलन गर्ने अनुमतिका लागि स्थानीय व्यक्तिलाई रू तीन हजार र जिल्ला बाहिरका व्यक्तिलाई रू छ हजार शुल्क तोकिएको समितिका सचिव लाक्पाटसी गुरूङले जानकारी दिनुभयो ।

मुक्तिनाथ माथिको रिसम्बा लेक र लुप्रा गाउँ माथिको नेर झोङ उच्चलेकमा यार्सा सङ्कलन गर्न दुईदिनको फेरोमा १६५ जना

समितिअन्तर्गतको पा लेकमा यार्सा सङ्कलन गर्न समितिले एक्याप कार्यालयबाट अनुमति लिएको प्रमुख पौडेलको भनाइ छ। प्रमुख पौडेलका अनुसार लोमान्थाङ गाउँपालिकामा यार्सा सङ्कलन नहुने गरेको र लोघेरक दामोदरकुण्डमा सुर्खाङ समितिले मात्रै यार्सा सङ्कलन फुकुवा गरेको जानकारी दिनुभयो ।

अन्नपूर्ण संरक्षित क्षेत्रअन्तर्गत यहाँका उच्चलेकमा एक्याप अन्तर्गतको समितिबाट यार्सा सङ्कलन अनुमपतिपत्र (पुर्जी) वितरण गरिएको भएपनि यहाँका


*बाँकी तेश्रो पेजमा*


# कृषकको खेतबारीमै पुगेर संयुक्त प्राविधिक अनुगमन

**भञ्ज्याङ समाचारदाता/दमौली**

कृषि विकास कार्यालय, तनहुँको आयोजनामा मंगलबार म्याग्दे, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका विभिन्न स्थानहरूमा संयुक्त प्राविधिक समूह अनुगमन कार्यक्रम गरिएको छ ।

लगायतका विद्यमान समस्याहरूलाई स्थलगत रूपमै पहिचान गरी तत्काल समाधानका उपाय र आवश्यक प्राविधिक पृष्ठपोषण प्रदान गरिएको थियो ।

कृषकको खेतबारीमै विज्ञ टोली पुगेर समस्या बुझ्दा कृषकहरु उत्साहित देखिएका थिए ।



कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, प्रदेश कृषि प्रयोगशाला, कृषि अनुसन्धान केन्द्र तथा कृषि विकास कार्यालय, तनहुँका विज्ञ प्राविधिक कर्मचारीहरूको संयुक्त टोलीले कृषकको खेतबारीमै पुगेर स्थलगत अनुगमन गरेको थियो ।

उक्त कार्यक्रममा कृषकहरूले भोग्दै आएका माटो परीक्षण, रोग–कीरा नियन्त्रण, उन्नत बिउ–बिरूवा छनोट, सिँचाइ व्यवस्थापन कार्यालयका अनुसार यस्तो संयुक्त अनुगमनले अनुसन्धान, प्रयोगशाला र फिल्डको प्राविधिक ज्ञानलाई एकै ठाउँमा जोडेर कृषकलाई छिटो, प्रभावकारी तथा व्यवहारिक सेवा दिन सहयोग पुग्ने विश्वास गरिएको छ ।

कृषि विकास कार्यालय, तनहुँले आगामी दिनमा पनि जिल्लाका अन्य पालिकाहरूमा यस्ता स्थलगत प्राविधिक सेवा अभियानलाई निरन्तरता दिने जनाएको छ ।


भञ्ज्याङ दैनिक पत्रिका नआएमा

फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवा र रोजगारी

नेपालको सामाजिक–आर्थिक संरचनाको सबैभन्दा ठूलो विडम्बना के हो भने यहाँका लाखौं युवा आफ्नो भविष्य खोज्न विदेशिन बाध्य छन्। गाउँघरका उर्वर खेतबारी बाँझो छन्, तर ती खेतबारी जोत्ने हातहरु खाडी, मलेसिया र कोरियातिर पसिना बगाइरहेका छन्। विदेशमा पसिना बगाउने ती युवाहरूले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्रलाई चलायमान त बनाइरहेको छ, तर त्यसको दिगो र उत्पादनमुखी उपयोग नहुँदा आर्थिक विकासको गहिरो जरा गाड्न सकिएको छैन। अर्बौं रूपैयाँ रेमिटेन्स मुलुकमा भित्रिन्छ, तर त्यो रकम उपभोगमै खर्च भएर फेरि विदेशिने चक्रमा मिसिन्छ। यसले हाम्रो आर्थिक सोच र नीति निर्माणमा गम्भीर प्रश्न खडा गरेको छ । नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरिसकेको छ। संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ– संघ, प्रदेश र स्थानीय। यीमध्ये जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह हो। गाउँघरमै रोजगारी सिर्जना गरेर युवालाई देशमै रोक्न सकिने सबैभन्दा प्रभावकारी माध्यम पनि यही तह हो। तर विडम्बना के छ भने तीनवटै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा युवालाई स्थायी रूपमा स्वदेशमै स्वरोजगार बनाउने ठोस रणनीति अझै स्पष्ट रूपमा देखिएको छैन। स्वरोजगारका नाममा सतही कार्यक्रम, सीमित बजेट र फोटासेशनमुखी गतिविधि मात्र दोहोरिँदै आएका छन्। यसले युवाको समस्या समाधान गर्नुको सट्टा झन् निराशा थपिरहेको छ।

आजको युवापुस्ता गम्भीर अन्योलमा छ। पढेर के गर्ने? रोजगारी छैन। खेतीपाती गरौं भने जग्गा छैन, भए पनि सीप र प्रविधिको अभाव छ। सीप छ भने उत्पादनको बजार छैन। विदेश जान चाह्यो भने ठूलो खर्च जुटाउनुपर्ने बाध्यता छ। यसरी बहुपक्षीय समस्यामा फसेका युवाहरूलाई मार्गदर्शन, अवसर र विश्वासको आवश्यकता छ। यस्तो अवस्थामा उनीहरूको सबैभन्दा ठूलो सहारा बन्न सक्ने संस्था स्थानीय सरकार नै हो । स्थानीय तहले आफ्नो क्षेत्रभित्रका युवाहरूको अवस्था पहिचान गरेर उनीहरूको आवश्यकता अनुसार शिपमूलक, जानकारीमूलक र प्रतिस्पर्धात्मक तालिम सञ्चालन गर्न सक्छ। लोक सेवा आयोग तथा अन्य सरकारी सेवाका तयारी कक्षा सञ्चालन गरेर हजारौं युवालाई स्वदेशमै जागिरका लागि तयार पार्न सकिन्छ। यसैगरी कृषि, पशुपालन, साना उद्योग वा पर्यटन व्यवसाय गर्न चाहने युवाहरूलाई उद्यमशीलता विकास तालिम, सहुलियत ऋण, अनुदान, प्रविधि र बजार व्यवस्थापनजस्ता सहयोग उपलब्ध गराउन सकिन्छ। यसका लागि स्थानीय सरकारले "गाउँमै रोजगारी" जस्तो नमुना अभियान सञ्चालन गर्न सक्छ। यस अभियान अन्तर्गत जग्गा नभएका युवालाई सहमतिका आधारमा जग्गा प्रयोगको व्यवस्था गर्ने, बीउबिजन, मल, औजार र तालिम उपलब्ध गराउने तथा उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने व्यवस्था गर्न सकिन्छ। विदेश जान चाहने युवाले खर्च गर्न लागेको रकम यहीँ उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्न सके ग्रामीण अर्थतन्त्र चलायमान बन्न सक्छ। यसले आयातमुखी अर्थतन्त्रलाई क्रमशः उत्पादनमुखी दिशातर्फ लैजान मद्दत पुऱ्याउनेछ।

आज नेपालको गाउँघर युवाविहीन बन्दै गएका छन्। काम गर्ने उमेरका अधिकांश मानिस विदेशिएपछि गाउँको उत्पादन घट्दो छ र विकासका आधारहरु कमजोर हुँदै गएका छन्। यदि युवाहरु गाउँमै फर्किएर स्वरोजगार बन्न सके भने मात्र गाउँको जीवन्तता फर्कन सक्छ। त्यससँगै स्थानीय अर्थतन्त्र बलियो बन्नेछ र समग्र मुलुकको समृद्धिको आधार तयार हुनेछ। यही सन्दर्भमा हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनले नयाँ राजनीतिक सन्देश दिएको छ। जनताले दिएको मतबाट बनेको दुईतिहाइको बलियो सरकारले अब राजनीतिक स्थिरतालाई मात्र होइन, आर्थिक रूपान्तरणलाई पनि प्राथमिकता दिनुपर्नेछ। विगतमा अस्थिर सरकार र कमजोर निर्णय क्षमताका कारण धेरै नीति कार्यान्वयन हुन सकेनन्। तर अहिलेको बलियो जनादेशले सरकारलाई दीर्घकालीन सुधार र ठोस कार्यक्रम अघि बढाउने अवसर दिएको छ। यो अवसरलाई सही रूपमा प्रयोग गर्न सके सरकारले युवालाई केन्द्रमा राखेर राष्ट्रिय विकास रणनीति निर्माण गर्नुपर्छ। स्थानीय तहसँग सहकार्य गर्दै उत्पादन, रोजगारी र उद्यमशीलतामुखी कार्यक्रमलाई प्राथमिकता दिनु अहिलेको आवश्यकता हो। नीति निर्माणदेखि बजेट विनियोजनसम्म युवालाई देशमै अवसर दिने लक्ष्य स्पष्ट रूपमा देखिनु जरूरी छ। सरकारले युवालाई तिर्खा लाग्दा पानी दिएर होइन, इनार खन्ने उपाय दिनुपर्छ। शिक्षा, सीप, स्रोत र सम्भावनालाई एकीकृत गर्दै युवाको ऊर्जा स्वदेशमै उपयोग गर्न सके मात्र नेपालको समृद्धिको सपना साकार हुन सक्छ। बलियो सरकारको वास्तविक परीक्षा पनि यही हो– युवालाई विदेशिन बाध्य बनाउने परिस्थितिलाई अन्त्य गरेर देशभित्रै आशा र अवसरको वातावरण सिर्जना गर्नु ।

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा

♦ श्यामप्रसाद मैनाली

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरु बढी आकर्षित हुन्छन् । राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरूमा प्रारम्भका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो । तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरु क्रमशः प्राप्त गर्दै गएको अवस्था हो ।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ । जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ। सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन् । गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ। आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ । एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरुले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन् । गणतन्त्रमा शासकहरुको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ। शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो। त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरु गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन् । यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो । सबै नागरिकहरूलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ। यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ । शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्ने गणतन्त्रबाट मात्र सम्भव हुन्छ । लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो। वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ। सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरूपमा गर्न सक्दछन् । शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ । राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ । सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरूरी हुन्छ । आफ्ना आवश्यकताहरुको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरु गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन्।

नेपालमा लामो लोकतान्त्रिक सङ्घर्षपश्चात् २०६५ जेठ १५ गते गणतन्त्र प्राप्त भएको हो। यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ । नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धेरै लामो समयदेखि नेपाली नागरिकहरु संघर्षशील रहेका हुन् । लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धेरै सपुतहरूले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन् । यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरु हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यबद्धताले निरन्तरता दिंदा सम्भव बनाएको




हो । नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ । राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतङ्कको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्वपूर्ण गन्तव्यका रूपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो। नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन् । राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रूपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरु संघर्षरत रहेका हुन् । यिनै प्रयासहरूको परिणाम नेपालीहरूले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन् ।

### गणतन्त्रको उपादेयता

नेपाली नागरिकहरु २४० वर्षसम्मको निर्वाध रूपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदैगएका थिए । राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूका विरूद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरु प्रारम्भका समयमा थिएनन् । विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरु पनि सचेत हुँदै गएका हुन् । गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आ˜ना प्रतिनिधिहरु निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन् । यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो । देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताका बीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो ।

खासगरी नेपाली युवाहरूमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ । प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ । विशेषगरी युवाहरुले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन् । राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्य जस्ता महत्त्वपूर्ण विषयहरूमा सुसुचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरूले प्राप्त गर्दछन्। अग्रजहरुले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका संघर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन् । लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्त्वको बारेमा सुसुचित हुने अवस्था बन्दछ । मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रूपमा गणतन्त्र दिवसलाई लिइन्छ। संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरूलाई निर्देशित गर्ने हैसियत नागरिकहरूले प्राप्त गर्दछन्। जनप्रतिनिधिहरु समेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन् । न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ । नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो । भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ ।

गणतन्त्रत्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरूले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन्। नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसंघले समर्थन र

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको थालनी गर्न उपयुक्त समय छ। वैदेशिक क्षेत्रसँग सम्बन्धित काममा सफलता मिल्ने संकेत छ।

**वृष**
परिवारसँग समय बिताउँदा मन प्रसन्न रहनेछ। स्वास्थ्यप्रति भने सचेत रहनु राम्रो हुन्छ।

**मिथुन**
अध्ययन–अनुसन्धानमा रूचि बढ्नेछ। सहकर्मीको सहयोगले काम सहज रूपमा सम्पन्न हुनेछ।

**कर्कट**
व्यापार–व्यवसायमा सामान्य लाभ हुनेछ। दाम्पत्य जीवनमा समझदारी आवश्यक देखिन्छ।

**सिंह**
सामाजिक मान–सम्मान प्राप्त हुन सक्छ। नयाँ व्यक्तिसँग चिनजान बढ्नेछ, जसले भविष्यमा लाभ दिन सक्छ।

**कन्या**
विद्यार्थीका लागि राम्रो समय छ। स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ, खानपानमा ध्यान दिनुहोस्।

**तुला**
साझेदारीको कामबाट फाइदा मिल्ने संकेत छ। कला तथा सिर्जनात्मक क्षेत्रमा सफलता मिल्नेछ।

**वृश्चिक**
अनावश्यक खर्च बढ्न सक्छ। परिवारमा सानो मतभेद हुन सक्छ, तर समझदारीले समाधान हुनेछ।

**धनु**
यात्रा तथा वैदेशिक कार्यमा प्रगति हुनेछ। धार्मिक तथा सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ।

**मकर**
व्यवसायमा लगानी गर्दा सोचविचार गर्नु पर्छ। पदोन्नतिको सम्भावना देखिन्छ।

**कुम्भ**
नयाँ सम्बन्ध स्थापित हुने दिन छ। लेखन कार्यमा सफलता मिल्नेछ। मित्रसँग भेटघाटले मन प्रसन्न रहनेछ।

**मीन**
आध्यात्मिक चिन्तनमा मन जानेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ। आर्थिक लाभका अवसर प्राप्त हुन सक्छन्।

# गणतन्त्रात्मक शासन प्रणाली ..........

स्वागत गरेको छ । विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तर्राष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ । दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ । यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणाली कै कारण सम्भव भएको हो ।

**गणतन्त्रमा निजामती सेवाः**

गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासन सत्ताको केन्द्रमा रहन्छन्। जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकहरूको पूर्ण सम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ । यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रूपमा अस्तित्वमा रहेको हुन्छ । यस महत्वपूर्ण संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्न सक्दा मात्र जनता समक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ । सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ। राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरु लगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकारसक्षम हुनुपर्दछ। यस परिस्थितिमा मात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरु प्राप्त हुन सक्छन्।

निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन् । यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ। कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ । भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ । यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दा मात्र राज्यप्रति आम नागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन् । विकास र समृद्धिका संवाहकहरु पनि निजामती कर्मचारीहरु बन्न सक्नु पर्दछ । नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ। सरकारका नीति योजना तथा कार्यक्रमहरु तर्जुमाको अवस्थामा विशेषज्ञको रूपमा सहयोग पुऱ्याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ। सामाजिक न्याय र समावेशताको गन्तव्य प्राप्तगर्न क्रियाशीलता दिन सक्नुपर्दछ । संविधान लगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको संरक्षण व्यवहारिक रूपमा नै गर्न इमान्दारितापूर्वक कार्य सम्पादन हुनु पर्दछ । नागरिकहरुको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवर्द्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ । नागरिकहरूका बीचको सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ । यस परिस्थितिमा मात्र गणतान्त्रिक व्यवस्थाको प्रवर्द्धनको महसुस आम नागरिकहरूले गर्न सक्छन् ।

निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ। यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरु लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक कानुनी तथा पेसागत अधिकारहरु प्रदान गरी पूर्णरूपमा सुरक्षा प्रदान गर्नु पर्दछ । यी अधिकारहरूमा योग्यताका आधारमा सबै नेपालीहरूलाई निजामती सेवामा प्रवेशगर्ने समान अवसर प्राप्तगर्ने प्रावधान र इमान्दारिताका साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ। कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन । संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिँदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवा सम्बन्धी सुरक्षामा कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनुहुँदैन । वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरूरी हुन्छ । यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ । पेसागत हकहितका प्रवर्द्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ । तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन । कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ । पेसाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदा मात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ । निजामती राष्ट्रसेवकका अधिकारहरु र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्दपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरूको वृद्धि हुँदा र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुङ्गाका रूपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारणी अधिकारसहितको राष्ट्रपति र कार्यकारणी अधिकार प्रधानमन्त्रीमा रही आलङ्कारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरूमध्ये कुन कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफलभएको देखिन्छ? यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रूपमा लिई अनुसन्धानहरु गरिएका छन् । यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकनमिक इन्टिलीजेन्स युनिट', 'डेमोक्रेटिक इन्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन्। यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्ध राष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्यान्ड सफल देखिएको छ। प्रत्यक्ष रूपमा नै संघीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ। संसदीय गणतन्त्र भएका देशहरु जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन् ।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ । दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग प्रतिस्पर्धा गरिराखेको छ । संसदीय प्रणाली अवलम्बन गरिएका देशहरूमा लोकतन्त्रको स्थायित्व अत्याधिक भएको पाइन्छ। अधिकांश गणतन्त्र भएका देशहरूले राष्ट्रपतिलाई आलङ्कारिक बनाई नागरिकप्रति प्रत्यक्ष रूपमा जवाफदेहीता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन्। नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो । यो प्रणाली सबैभन्दा बढीसफल विश्व परिवेशमा देखिँदै गएको छ।

**निष्कर्षः**

लामो संघर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन्। यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ । यद्यपि गणतन्त्रको सफलताको लागि केवल व्यवस्था परिवर्तन मात्र पर्याप्त हुँदैन । राजनीतिक स्थिरता सुशासन कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ । गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल नागरिक समाज र आमजनताले समान रूपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ । अन्त्यमा लोकतन्त्रको स्थायित्व समावेशीता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ। गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ । यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ । लोकतन्त्रलाई सुधिर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ। रासस (लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)




# अदालतमा चलिरहेको मुद्दामा विदेशबाट पनि बयान, वकपत्र गर्न सकिने आदेश

रासस/काठमाडौं

सर्वोच्च अदालतले नेपालमा चलिरहेको मुद्दामा विदेशबाट अनलाइनमार्फत बयान, वकपत्र गराउन सकिने आदेश गरेको छ। न्यायाधीशद्वय हरि फुयाल र बालकृष्ण ढकालको संयुक्त इजलासले सूचना प्रविधिको प्रयोगले भौगोलिक सीमानालाई संकुचित गरिरहेको अवस्थामा न्याय सम्पादनको सहजताका लागि विदेशबाट अनलाइन बयान, वकपत्र गर्न सकिने आदेश गरेको हो ।

अदालतले विदेशमा रहेका नेपालीलाई दूतावास वा कूटनीतिक निकायमा उपस्थित भई नेपालमा चलिरहेको मुद्दामा बयान र वकपत्र गर्न पाउने सुविधा दिनुपर्ने ठहर गर्दै उक्त आदेश गरेको हो ।

विशेष अदालत काठमाडौंका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरु मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले भ्रष्टाचार सम्बन्धी मुद्दामा दुई सदस्य श्रेष्ठ र थापाले विदेशबाट अनलाइनमा बयान, वकपत्र गर्न अनुमति दिन नसकिने र अध्यक्ष कुँवरले अनुमति दिन सकिने राय दिनुभएको थियो। उक्त मुद्दामा भएको आदेशविरूद्ध सर्वोच्च अदालतमा पुनरावेदन परेको थियो ।

# मुस्ताङका उच्चलेकमा ...

कतिपय गाउँका लेकहरूमा यार्सा सङ्कलन गर्न एक्यापको अनुमति नलिई गाउँसमाजबाटै यार्सा गुम्बा फुकुवा गरिएको छ ।

यहाँको घरपभ्फोङ-२ मार्फा, वारागुङ मुक्तिक्षेत्र अन्तर्गत छेङ्गुर, कागबेनी र छुसाङलगायतका गाउँबाट एक्यापको समन्वय नभई गाउँ समाजबाटै यार्सा सङ्कलन फुकुवा गरिएको छ ।

मुस्ताङमा यार्सा गुम्बा सङ्कलन गर्ने सिजन सुरू भएसँगै यहाँका उच्चलेक, खर्क र पाटनहरूमा यार्सा सङ्कलनकर्ताको चहलपहल बढेको छ । यार्सा सङ्कलनका लागि एकदुई महिनासम्म लेंकमा बस्ने गरी खाने र बस्ने लगायतका बन्दोबस्तीका सामान साथै लिएर यार्सा सङ्कलन गर्ने व्यक्तिहरु उच्चलेकमा पुगिसकेका छन् ।

मुस्ताङका उच्चलेंकमा सङ्कलन गरिएका यार्सा गुम्बा जिल्ला बाहिर लैजान परेमा सम्वन्धित स्थानीय तह, संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई राजश्व र दस्तुर बुझाउनुपर्ने हुन्छ । यार्साको कारोबार गर्ने व्यापारीले जिल्ला बाहिर ढुवानी गर्नु परेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नियमअनुसार प्रतिकेजी रू ३१ हजार राजस्व बुझाउनुपर्ने प्रावधान रहेको छ । यसको बजार मूल्य गुणस्तरका आधारमा प्रतिकेजी सरदर रू १५ लाखदेखि २५ लाखसम्म रहने गोर्खाका यार्सा व्यवसायी काजीराम गुरूले बताउनुभयो ।

राजस्व तिरेर जिल्लाबाट वार्षिकरूपमा पाँचदेखि सात केजीसम्म निर्यात हुने गरेको सरकारी तथ्याङ्क छ । नेपालबाट उत्पादित यार्सामध्ये ८० प्रतिशत चीन अन्य देशमा बाँकी निर्यात हुने गरेको छ ।

यार्साको सिजन सुरू भएसँगै एक्यापले वन्यजन्तुको चोरी सिकारी, वन डढेलो नियन्त्रण र उच्चलेक, खर्क र पाटनमा हुनसक्ने अवान्छित गतिविधि रोकथाम गर्न यसै वर्षदेखि एआई जडित ड्रोन क्यामेरा प्रयोगमा ल्याएको छ । उच्चलेकमा हुने सबै प्रकारको जोखिम र अपराध नियन्त्रण तथा त्यसको पहिचान गर्न एआई ड्रोन क्यामेरा प्रयोगमा ल्याएको हो । यसका अलावा वन तथा उच्चलेकमा अपराधिक क्रियाकलाप रोक्न एक्यापद्वार प्रशासन, प्रहरी र संरक्षण क्षेत्र व्यवस्थापन समितिको रोहबर पैदल गस्तीसमेत गर्ने गरिएको एक्यापले जनाएको छ ।

हिमाली क्षेत्रको उच्चलेक, खर्क र पाटनमा पाइने औषधीय जडीबुटी यार्सा गुम्बा एक प्रकारको प्राकृतिक जीव र वनस्पति मिश्रित जीव हो। यसलाई कतिपयले यार्सा नभनी किरा टिप्न जाने भनेरसमेत भन्ने गर्छन । हिमाली क्षेत्रको उच्चलेकमा पाइने एक विषेश प्रकारको पुतलीको लार्भा (किरा) जमिनभित्र बस्छ । त्यस किराको शरीरमा 'कर्डिसेप्स'नामको ढुसी प्रवेश गर्छ।

ढुसीले विस्तारै किराको शरीरभित्र विकशित हुँदै किरालाई मारेपछि त्यसभित्र बस्छ । हिउँदयामको जाडो महिना सुरु हुँदा मृत किराको टाउँकोबाट सानो घाँस जस्तो डाँठ पैदा भई बाहिर निस्कन्छ । सोही किराको शरीर र माथि उम्रिएको ढुसी मिलेर बनेको वस्तुलाई यार्सा गुम्बा भन्ने गरिएको हो । समग्रतामा यार्सा भनेको गर्मीयामको घाँस र गुम्बा भनेको जाडोयामको किरा भन्ने तिब्बती अर्थबाट यसको नामकरण गरिएको हो ।

हिमाली क्षेत्रमा पाइने यार्सा गुम्बाको सेवनले शारीरिक तन्दुरूस्ती र ताकत क्षमता बढाउने गर्छ । यार्सा सेवनले यौन क्षमता र रोग प्रतिरोधात्मक क्षमता बढाउन उपयोगी मानिन्छ । यार्सा गुम्बालाई विदेशीहरूले औषधी उत्पादनका लागि प्राकृतिक केमिकलको रूपमा प्रयोग गर्ने भएकाले विश्व बजारमा यसको खपत बढी हुने गरेको छ । रासस

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**हावाहुरीले ढलाएको रूख हटाइदै :** तनहुँको व्यास नगरपालिका-१ गल्वुवेशीमा सोमबार साँझ आएको हावाहुरीले ढलाएको रूख मंगलबार हटाउँदै व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गणका नेपाली सेना । सोमबार र मंगलबार हावाहुरीसहित आएको पानीले जिल्लाका विभिन्न ठाउँमा ठूलठूला रूख ढल्नुका साथै विद्युतका पोल तथा तार चुडिएका छन् भने कृषि बालिमा ठूलो क्षति पुऱ्याएको छ । *तस्विर : भञ्ज्याङ*

# दिगो पर्यटन प्रवर्द्धनका लागि पञ्चवर्षीय रणनीति

**रासस**/काठमाडौं

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को संयुक्त पहलमा नेपालको दिगो पर्यटनका लागि पञ्चवर्षीय रणनीति तयार गरिने भएको छ । यसका लागि ती दुई निकायद्वारा 'इन्टरनेसनल मार्केटिङ स्ट्राटेजी एन्ड फाइभ इयर एक्सन प्लान'सम्बन्धी छलफल छ। छलफलमा नेपाललाई विश्व पर्यटन बजारमा प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न प्रभावकारी बजारीकरण रणनीति अपरिहार्य रहेकोमा जोड दिइएको छ ।

दिगो पर्यटन परियोजना (एसटिपी)का राष्ट्रिय परियोजना संयोजक खड्गविक्रम शाहले पर्यटन प्रवर्द्धनका लागि स्पष्ट रणनीति र समन्वित प्रचारप्रसार आवश्यक रहेको बताउनुभयो ।

त्यसअवसरमा विश्वव्यापी परामर्शदाता संस्था 'बीड'ले तयार पारेको रणनीति र पाँच वर्षीय कार्ययोजना प्रस्तुत गरियो । बीडका प्रमुख कार्यकारी अधिकृत सुजीव शाक्यले सन् २०२६ देखि २०३० सम्म कार्यान्वयन हुने उक्त रणनीतिले नेपाल पर्यटनलाई सङ्ख्यामा आधारित ढाँचाबाट मूल्यआधारित पर्यटनतर्फ रूपान्तरण गर्ने लक्ष्य राखेको जानकारी दिनुभयो।

रणनीतिमा बजार विश्लेषण, उपभोक्ता व्यवहार विश्लेषण, प्रतिस्पर्धात्मक विश्लेषण तथा वितरण प्रणाली गरी चार मुख्य पक्ष समेटिएका छन् । योजना निर्माण प्रक्रियामा १३५ जना सरोकारवालासँग परामर्श गरिएको जनाइएको छ । उक्त रणनीतिले विश्व पर्यटनका नयाँ प्रवृत्ति, नेपालको पर्यटन अवस्था तथा पर्यटन निर्भरताका छ वटा आधारस्तम्भको विश्लेषण गरेको छ। नेपाललाई साहसिक पर्यटन गन्तव्यका रूपमा मात्र नभई संस्कृति, अध्यात्मिक, आरोग्य, प्रकृति तथा दिगो पर्यटन अनुभवको केन्द्रका रूपमा अन्तरराष्ट्रिय बजारमा स्थापित गर्नुपर्नेमा जोड दिइएको छ ।

नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिक्मतसिंह ऐरले नेपालका सीमावर्ती शहरमा पर्यटन क्षेत्रमा ठूलो लगानी भइरहेको भए पनि समन्वित मार्केटिङ रणनीतिको अभाव रहेको बताउनुभयो। उहाँले काठमाडौं बाहिरका सहरलाई पर्यटन सञ्जालमा जोड्न बोर्डले विभिन्न पर्यटन मार्टहरु आयोजना गर्दै आएको जानकारी दिनुभयो । युएनडिपीका सहायक आवासीय प्रतिनिधि धर्म स्वर्णकारले नेपालको समृद्धिको आधार नै पर्यटन भएको उल्लेख गर्दै यसलाई पुँजीमा रूपान्तरण गर्न अझै चुकिरहेको टिप्पणी गर्नुभयो ।

"नेपालको पर्यटनका विविध आयाम भएका कारण संख्या पनि उत्तिकै महत्वपूर्ण छ । तर, अझै मूल्यमा आधारित पर्यटन रणनीति नै आजको आवश्यकता हो", उहाँले भन्नुभयो । छलफलमा सहभागीले नेपालको अन्तरराष्ट्रिय 'ब्रान्डिङ' सुदृढ गर्न, डिजिटल मार्केटिङलाई प्रभावकारी बनाउन, नयाँ गन्तव्यको प्रवर्द्धन गर्न तथा सरकारी निकाय र निजी क्षेत्रबीच सहकार्य विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए ।

छलफलमा नेपाल पर्वतारोहण सङ्घ, नेपाल एसोसिएसन टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा) होटल व्यवसायी सङ्घ, इसिमोड, नारालगायत विभिन्न पर्यटन क्षेत्रका संस्थाको सहभागिता थियो ।

# नारायणीमा आपत्कालीन तटबन्ध निर्माण गरिने

**भञ्ज्याङ समाचारदाता**/चितवन

नारायणी नदी किनारमा वर्षातमा बाढीले क्षति पुऱ्याउन सक्ने ठाउँमा आपत्कालीन तटबन्ध गर्न बोलपत्र आह्वान गरिएको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना भरतपुरले चितवनतर्फको भागमा तटबन्ध गर्न रू १६ करोड ५० लाख बराबरको बोलपत्र आह्वान गरेको हो। आयोजनाका सूचना अधिकारी सागर पौडेलका अनुसार तीन प्याकेजमा बोलपत्र आह्वान गरिएको छ । भरतपुर महानगरपालिका-१६ को सिद्धि गणेश मन्दिर नजिक तटबन्ध गर्न बोलपत्र आह्वान गरिएको छ । यस्तै महानगरपालिका-१७ को मजुवा र बाढीको बढी जोखिम देखिएका ठाउँमा तटबन्ध गर्ने तयारी छ ।

सूचना अधिकारी पौडेलका अनुसार आउँदो वर्षको जेठ २५ गतेसम्म काम सम्पन्न गर्ने गरी बोलपत्र आह्वान गरिएको हो । सिद्धि गणेश मन्दिर वरपर तटबन्ध भत्किएको छ भने मजुवा क्षेत्रमा तटबन्ध गर्न बाँकी छ । यो बजेटबाट ५०० मिटर मर्मत एवं नयाँ तटबन्ध निर्माण गरिने छ । यसअघि चितवनतर्फको ३५ किलोमिटर नारायणी किनारमध्ये २० किलोमिटर क्षेत्रमा तटबन्ध हुँदै छ । यसै आर्थिक वर्षमा मनसुनजन्य विपत् शीर्षकमा रू पाँच करोडको लागतमा भरतपुर महानगरपालिका-२८ को तामाङ टोलमा तटबन्धको काम भइरहेको छ । वर्षातमा नारायणीमा पानीको सतह बढेसँगै हुन सक्ने क्षतिको आँकलन गरी तटबन्ध मर्मत र नयाँ टतबन्ध निर्माणका लागि बजेट निकासा गरिएको हो । निर्वाचनको समयमा चितवन क्षेत्र नम्बर ३ मा मतदाताकहाँ पुग्दा कानुनमन्त्री सोविता गौतमसँग नदी तटिय क्षेत्रका बासिन्दाले तटबन्धको माग गरेका थिए ।

मन्त्री गौतमले नारायणी नदी तटिय क्षेत्रमा बसोबास गर्ने बासिन्दाले भोगिरहेको जोखिम, बाढीजन्य क्षतिलगायतका समस्याका कारण नारायणी पुलदेखि गोलाघाटसम्मका अत्यन्त जोखिमयुक्त स्थानमा मनसुनबाट हुनसक्ने विपद्को पूर्वतयारीस्वरूप तटबन्ध निर्माणकार्य गर्न लागिएको बताउनुभयो । स्थानीयले पटक-पटक गुनासो तथा ध्यानाकर्षण गराउँदै आएकाले यसलाई मध्यनजर गर्दै संघीय बजेट व्यवस्थापन भई सोमबार बोलपत्र आह्वान गरिएको उहाँले बताउनुभयो। तटबन्ध गर्न बाँकी रहेका ठाउँमा आगामी वर्ष बजेट बिनियोजन गरी काम अघि वढाउन सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराएको उहाँले जानकारी दिनुभयो । रासस

सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

सरकार र पार्टी, संसदीय व्यवस्थामा एक अर्काका पुरक भए पनि एक अर्काका विपरित पनि हुन्। हो, संसदीय व्यवस्थामा संसदले नै प्रधानमन्त्री बनाउँछ। तर उसैले नै प्रधानमन्त्रीलाई नियन्त्रण गर्न पाउँनु हुँदैन।
त्यसैले भारत, बेलायत वा अमेरिका- प्रम फ्रन्टमा देखिन्छन् तर पार्टी अध्यक्ष कसैलाई थाहा हुँदैन। काँग्रेस र कम्युनिष्टले जस्तै पर्दा पछाडिबाट सरकार नियन्त्रण गर्ने काम रास्वपाले कहिल्यै नगरोस्।



**Kishore Nepal**
x.com/kishorenepal

प्रधानमन्त्री बालेन्द्र टुँडिखेलको सैनिक मन्चमा आयोजना गरिने गणतन्त्र दिवसमा बोल्न चाहेनन । यो उनको स्वविवेकको कुरा हो । तै पनि, तन्नेरी पुस्ताका प्रतिनिधि प्रम बालेनले सैनिक मन्चबाट 'चमेली'को गीत सुनाइ दिए जनता धन्य हुनेछन !



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

अल्पविकसित देशहरूको समूहबाट स्तरोन्नति गर्न नचाहनु र ऋणमाथि ऋण थप्नुले वालेन सरकार पनि सुनको कटौरा बोकेर भीख माग्ने सनातन प्रकृतिको भिखारी सरकार भएको पुष्टि हुन्छ। फेज आउट प्रविधि, उच्च लागतस्तर, प्रतिस्पर्धी बजार क्षमता नभएका रूग्ण उद्योगले कर-पैसा बर्वाद मात्रै गर्ने हुन्।

# रोजगार सेवा केन्द्र अब 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र'मा रूपान्तरण हुने

**रासस**/काठमाडौं

सरकारले देशभरका स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूलाई 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र'का रूपमा रूपान्तरण गर्ने प्रक्रिया अघि बढाएको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले आज प्रेस विज्ञप्ति जारी गर्दै नयाँ व्यवस्था कार्यान्वयनका लागि 'रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३' स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाइएको जनाएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को गत २०८२ चैत १३ गतेको निर्णयबाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' को बुँदा नं ५९ बमोजिम देशमा रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनलाई एकीकृत रूपमा सुदृढ गर्ने उद्देश्यले विद्यमान रोजगार सेवा केन्द्रलाई ६० दिनभित्र रूपान्तरण गर्ने नीतिगत मार्गदर्शन प्राप्त भएको मन्त्रालयले उल्लेख गरेको छ ।

उक्त विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न युवा, श्रम तथा रोजगार मन्त्रीस्तरको २०८२ चैत १९ गतेको निर्णयबाट मन्त्रालयका सचिवको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि सम्मिलित उच्चस्तरीय समिति गठन गरिएको थियो । सो समितिले बुझाएको प्रतिवेदनका आधारमा मन्त्रालयको आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा मस्यौदा कार्यदल गठन भई कार्यविधि तयार गरिएको हो ।

युवा, श्रम तथा रोजगार मन्त्रीस्तरको २०८३ जेठ ६ गतेको निर्णयबाट स्वीकृत भएको उक्त कार्यविधि यही जेठ ११ गते कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता भई कार्यान्वयनका लागि पठाइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता पितम्बर घिमिरेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । नयाँ कार्यविधिअनुसार स्थानीय तहले सञ्चालन र व्यवस्थापन गर्ने गरी रूपान्तरित केन्द्र मार्फत बेरोजगार दर्ता, सार्वजनिक रोजगार कार्यक्रम, स्थानीय श्रम बजार विश्लेषण, सीप तथा माग नक्साङ्कन, सीप विकास तालिम समन्वय, रोजगार परामर्श, जब म्याचिङ, उद्यमशीलता प्रवर्द्धन तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुन:एकीकरणसम्बन्धी सेवा एकद्वार प्रणालीमार्फत प्रवाह गरिने व्यवस्था गरिएको छ ।

हाल विभिन्न मन्त्रालय र निकायबाट छुट्टाछुट्टै रूपमा सञ्चालन हुँदै आएका रोजगार, सीप विकास तथा उद्यमशीलताका कार्यक्रमलाई अब संघ, प्रदेश र स्थानीय तहको समन्वयमा प्रभावकारी र एकीकृत रूपमा सेवा प्रवाह गरिने अपेक्षा मन्त्रालयले लिएको छ । नागरिकको नजिकमा रहेको स्थानीय तहको रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमार्फत निजी क्षेत्रका रोजगारदाता, तालिम प्रदायक संस्था, ट्रेड युनियन तथा सम्बन्धित सबै सरोकारवालालाई सहकार्य र सहभागिताका लागि मन्त्रालयले अनुरोधसमेत गरेको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४